# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ३२ गते २०२२ साल

### नेपाल लोकसेवा आयोगको
### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएका छन्। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. (२०२१) को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी, निम्नलिखित दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्र र मार्कशिटका नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रको नक्कलसमेत सबै शामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दस्तूर नभएको र म्याद नाघी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दाखिल भएको दरखास्तउपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा उल्लिखित दस्तूरसहित विभागीयप्रमुख, ( विभागीयप्रमुख टाढा भए अड्डाप्रमुख ) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फाराम एक प्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोग-बाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्ने छः--

## विज्ञापन नं. १६१

१) पद र स्थानः-- श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गत टोखा स्वास्थ्यनिवास अस्पतालको निमित्त नर्स, नन्‌गजेटेड द्वितीय श्रेणी (प्राबिधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः-- टयूवर क्यूलोसिस नर्सिङ्ग पास ।

३) मासिक तलबको स्केलः-- रू. १२५।- देखि२३५।- सम्म

४) मासिक लुगा भत्ताः-- रू. ४०।-- चालीस रुपैयाँ ।

५) दरखास्त दस्तूरः-- नगद रू. १। एक रुपैयां

६) अन्तर्वार्ता दस्तूरः-- नगद रू. ५। पाच रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः-- ०२२।३।३०।४ सम्म ।

८) सम्पर्क मितिः-- ०२२।४।१।६ का दिन ३ बजे ।

९) उमेरः-- उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १७२

१) पद र स्थानः-- श्री ५ को सरकार, यातायात विभाग अन्तर्गत विभिन्न हवाई अड्डाहरूको निमित्त गजेटेड तृतीय श्रेणी, (प्राविधिक, विविध सेवा ), ए. टी. सी. अफिसर जवान १३ तेन्ह, स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः-- कुनै एरोनटिकल विषयमा सफलता प्राप्त गरी ए. टी.सी. विषयमा समेत तालीम पाई प्रमाणपत्र प्राप्त तथा ए टी. सी. विषयमा प्रमाणपत्र प्राप्त ।

३) वाञ्छनीय योग्यताः-- उक्त काममा अनुभवीलाई विशेष ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः-- रू. ३५०।-- देखि रू. ६२५।-- सम्म ।

५) दरखास्त दस्तूरः-- नगद रू. ३।-- तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः-- नगद रू. १०।-- दश रुपैयाँ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०२२।५।४।६ सम्म ।

८) सम्पर्क मितिः– २०२२।५।७।२ का दिन ४ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

१०) स्वास्थ्य परीक्षाः– योग्यतम उम्मेदवारको स्वास्थ्य परीक्षा आयोगमा तयाररहेको फाराम अनुसार कुनै सरकारी अस्पतालद्वारा गराई उपयुक्त देखिएमा मात्र सिफारिश गरिनेछ । स्वास्थ्यपरीक्षा बापत रू. १०। दश उम्मेदवार आफैले बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. १७३

१) पद र स्थानः– श्री ५ को सरकार, पुरातत्व विभाग, अन्वेषण तथा उत्खनन शाखाको लागि गजेटेड तृतीय श्रेणी (प्राविधिक विविध सेवा) फील्ड फोटोग्राफर जवान १ एक, स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– फोटोग्राफीमा डिग्री प्राप्त ।

३) वान्छनीय योग्यताः– पेण्टिङ्गमा ज्ञान भएकोलाई ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. ३। तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. १०।– दश रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०२२।५।४।६ सम्म ।

८) सम्पर्क मितिः–२०२२।५।७।२ का दिन ४ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

१०) स्वास्थ्यपरीक्षाः- योग्यतम उम्मदवारको स्वास्थ्यपरीक्षा यस आयोगमा तयार रहेको फाराम अनुसार कुनै सरकारी अस्पतालद्वारा गराई उपयुक्त देखिएमा मात्र सिफारिश गरिनेछ । स्वास्थ्यपरीक्षा बापत रू. १०। दश उम्मेदवारले आफैले बुझाउनु पर्नेछ ।

## विज्ञापन नं. १७५

१) पद र स्थानः– श्री ५ को सरकार, खानी विभागको निमित्त चाहिने ननगजेटेड प्रथम श्रेणी (प्राविधक)सर्भेयर जवान १ एक स्थायी तथा पेन्शनपाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– सर्भेयर वा ओभरसियर कोर्ष पास वा जियोलजी र जियोग्राफी लिएर बी. एस्सी पास ।

३) वाञ्छनीय योग्यताः– सो काममा अनुभव प्राप्त व्यक्तिलाई ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयाँ पचास पैसा ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७।– सात रुपैयाँ ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।५।७।२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८) सम्पर्क मितिः— ०२२।५।११।६ का दिन ४ बजे ।

९) उमेरः— उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १७६

१) पद र स्थानः— श्री ५ को सरकार, भवन विभाग (डिजाइनशाखा) को निमित्त नन्–गजेटेड प्रथम श्रेणी (प्राविधिक) ड्राफ्टस्मैन जवान २ दुई, स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः— ड्राफ्टस मैन कोर्श पास ।

३) मासिक तलबको स्केलः— रू. २००। देखि रू. ३७५।— सम्म ।

४) दरखास्त दस्तूरः— नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

५) अन्तर्वार्ता दस्तूरः— नगद रू. ७।— सात रुपैयां

६) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः— ०२२।५।६।४ सम्म ।

७) सम्पर्क मितिः— ०२२।५।१४।२ का दिन ४ बजे ।

८) उमेरः— उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १७७

१) पद र स्थानः— श्री ५ को सरकार, शिक्षा विभाग अन्तर्गत कन्या मिडिल स्कूल, भक्तपुरको लागि नन्गजेटेड द्वितीय श्रेणी (प्राविधिक) प्रधानाध्यापक जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः— आइ. ए. आइ. एस्सी. आइ. कम वा आइ. एड. ।

३) वाञ्छनीय योग्यताः— बढी योग्यता भएकालाई तथा अनुभवीलाई ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः— रू. १२५।— देखि रू. २३५।— सम्म ।

५) दरखास्त दस्तूरः— नगद रू. १।—एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः— नगद रू. ५।— पांच रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः— ०२२।५।६। ४ सम्ममा

८) सम्पर्क मितिः— ०२२।५।१४।२ का दिन ४ बजे ।

९) उमेरः—उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १७८

१) पद र स्थानः— श्री ५ को सरकार, स्वास्थ्यसेवा विभाग पब्लिक हेल्थ सर्भिसेजको निमित्त नन्गजेटेड द्वितीय श्रेणी, (प्राविधिक) हेल्थ इड्यूकेशन टेक्निसियन (हेल्थ ब्ट्रेटर) जवान १ एक, प्रोजेक्टर रहेसम्मको अस्थायी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) आवश्यक न्यूनतम योग्यता:– एस्. एल. सी. पास गरी स्वास्थ्यसम्बन्धी चित्र लेख्नसक्ने (कुनै चित्रकला पाठशाला बाट वा कुनै सिद्धहस्त चित्रकारबाट चित्रकलासम्बन्धी प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।

३) वाञ्छनीय योग्यता:– आइ. ए. वा सो सरह. पास गरी चित्र लेख्ने काममा दुई वर्ष अनुभव प्राप्त गरेको व्यक्तिलाई ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केल:– रू. १२५।– देखि रू. २३५।– सम्म ।

५) दरखास्त दस्तुर:– नगद रू. १। एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तुर:– नगद रू. ५।– पांच रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– ०२२।५।६।४ सम्म ।

८) सम्पर्क मिति:– ०२२।५।१४।२ का दिन ४ बजे ।

९) उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

द्रष्टव्य:– उक्त प्रोजेक्ट साधारणतर्फ सरेमा सो पद स्थायी भइ पेन्शनसमेत पाइनेछ ।

## विज्ञापन नं. १७९

१) पद र स्थान:–श्री ५ को सरकार, हवाई विभाग अन्तर्गत काठमाडौ हवाईअड्डाकोनिमित्त नन्गजेटेड प्रथमश्रेणी (प्राविधिक), एरोनटिकल स्टेशन अपरेटर जवान २ दुई, स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यता:– कुनै स्वीकृत सी. ए. टी. सी. बाट कम्यूनिकेशन्स अपरेशन्स विषयमा तालीम पाई प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।

३) वाञ्छनीय योग्यता:– टेलिकम्यूनिकेशन विषयको काममा अनुभवीलाई ग्राहृयता दिइने छ ।

४) कामको किसिम:– जमीनको स्टेशन तथा वायुयान स्टेशनसंग चाहिने खबर आदान प्रदान गर्ने ।

५) मासिक तलबको स्केल:– रू. २००।– देखि ३७५।– सम्म ।

६) दरखास्त दस्तुर:– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

७) अन्तर्वार्ता दस्तुर:– नगद रू. ७। सात रुपैयाँ ।

८) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– ०२२।५।८।३ सम्ममा ।

९) सम्पर्क मिति:– २०२२।५।३।१ का दिन ४ बजे ।

१०) उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १८०

१) पद र स्थान:– श्री ५ को सरकार, विद्युत् विभागको निमित्त नन्गजेटेड प्रथम श्रेणी, (प्राविधिक), ओभरसियर जवान १ एक, स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यता:– सिभिल ओभरसियर डिप्लोमा ।

३) वाञ्छनीय योग्यता:– सरकारी अफिसमा काम गरिसकेकालाई ग्राहृयता दिइनें छ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) मासिक तलबको स्केल:– रू. २००।– देखि रू. ३७५।– सम्म ।
५) दरखास्त दस्तूर:– नगद रू. १।५० एक रुपैयाँ पचास पैसा ।
६) अन्तर्वार्तादस्तूर:– नगद रू. ७। सात रुपैयाँ ।
७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२२।५।८।३ सम्म ।
८) सम्पर्क मितिः– ०२२।७।१३।१ का दिन ४ बजे ।
९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १८१

१) पद र स्थानः– श्री ५ को सरकार, पुरातत्व, विभाग वीर पुस्तकालयको निमित्त नन् गजेटेड प्रथमश्रेणी, (प्राविधिक) हाएण्ड ल्यामिनिष्ट जवान १ एक, स्थायी तथा पेन्शन पाइने ।
२) आवश्यक न्यूनतम योग्यताः– हाएण्ड ल्यामिनेशन तालीम प्राप्त ।
३) वाञ्छनीय योग्यताः– उपर्युक्त विषयमा अनुभव प्राप्त गरेकालाई गाह्यता दिइने छ ।
४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।
५) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।
६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७।– सात रुपैयां ।
७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।५।८।३ सम्म ।
८) सम्पर्क मितिः– ०२२।५।१३।१ का दिन ४ बजे ।
९) उमेर.– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १८३

१) पद र स्थानः– श्री ५ को सरकार, सडक विभाग र सो अन्तर्गतका डिभिजन, सब डिभिजनहरूको लागि गजेटेड प्रथम श्रेणी (प्राविधिक) ओभरसियर जवान २० बीस, स्थायी तथा पेन्शन पाइने ।
२) आवश्यक न्यूनतम योग्यताः– सिभिल इञ्जिनीयरिङ्ग डिप्लोमा ।
३) वाञ्छनीय योग्यताः– अनुभवीलाई प्राह्यता दिइने छ ।
४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।
५) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयाँ पचास पैसा ।
६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७।– सात रुपैयाँ ।
७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।५।७।२ सम्म ।
८) सम्पर्क मितिः– ०२२।५।११।६ का दिन ४ बजे ।
९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आज्ञाले–
उदयप्रसाद,
सचिव ।

३४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।